सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३१६ ♦ २०८३ साल साउन १८ सोमवार ♦ 3 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा सीमा सुरक्षा निरीक्षणसँगै धार्मिक स्थलको दर्शनमा गृहमन्त्री



**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

गृहमन्त्री सुदन गुरुङले आइतबार महोत्तरीको मटिहानी नगर पालिका-स्थित मटिहानी-मधवापुर नेपाल-भारत सीमा क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ। निरीक्षणका क्रममा उहाँले सीमा सुरक्षा, आवतजावतको अवस्था तथा व्यवस्थापनबारे जानकारी लिनुका साथै सुरक्षा संयन्त्रलाई सीमा निगरानी थप प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ।

मटिहानी पुगेपछि गृहमन्त्री गुरुङले सीमावर्ती क्षेत्रमा रहेका सीमास्तम्भको अवलोकन गर्दै सीमा सुरक्षामा खटिएका सुरक्षा निकायका अधिकारीहरूसँग सीमा व्यवस्थापन, अवैध गतिविधि नियन्त्रण तथा विद्यमान चुनौतीबारे छलफल गर्नुभएको थियो।

उहाँले मटिहानीस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी) पुगेर सुरक्षा अवस्थाबारे ब्रिफिङ लिनुका साथै सीमामा हुने सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण गर्न आवश्यक समन्वय, निगरानी र सतर्कता अपनाउन निर्देशन दिनुभएको थियो।

पछिल्लो समय मधेशका केही जिल्लामा सामुदायिक सद्भावसँग सम्बन्धित घटनाहरू देखिएको सन्दर्भमा गृहमन्त्री गुरुङले मटिहानीस्थित ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको लक्ष्मीनारायण मठमा पूजा-अर्चना गर्नुभएको थियो। त्यसैगरी मुस्लिम समुदायको आस्थाको केन्द्र पीरबाबाको मजारमा पुगेर चादरसमेत अर्पण गर्नुभएको थियो। उहाँको यस भ्रमणलाई धार्मिक सद्भाव र सामाजिक एकताको सन्देशका रूपमा समेत हेरिएको छ।

गृहमन्त्री गुरुङलाई मटिहानी आगमनका अवसरमा नगर प्रमुख हरिप्रसाद मण्डल, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव तथा सुरक्षा निकायका अधिकारहरूले स्वागत गर्नुभएको थियो। सीमा क्षेत्रको निरीक्षणपछि उहाँ महोत्तरीको सदरमुकाम जलेश्वर पुगेर प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरमा दर्शन तथा पूजा गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार गृहमन्त्रीले सुरक्षा निकायका अधिकारीहरूसँगै मन्दिरमा पूजा-अर्चना गर्नुभएको हो।

सीमा क्षेत्रको निरीक्षण तथा धार्मिक स्थलको भ्रमणका क्रममा गृहमन्त्री गुरुङले सञ्चारकर्मीसँग कुनै औपचारिक प्रतिक्रिया भने दिनुभएको छैन।

## बजार र गाडी संचालन भएपछि जनजीवन सामान्य बन्दै




**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

धनुषा सहित मधेशका जिल्लाहरुमा लामो दुरीका सवारी साधन सञ्चालनमा आउन थालेको छ। गाडी चल्न थालेपछि यात्रुलाई सहज भएको छ । यता जिल्लामा जारी निषेधाज्ञा समेत सोमवार विहान ५ बजे देखि हटइएको छ।

यस क्षेत्रमा बिहीबार र शुक्रबार लामो दुरीमा चल्ने सार्वजनिक यातायात सञ्चालन नहुँदा अत्यावश्यक काम परेर यात्रा गर्नुपर्नेहरु मारमा परेका थिए। शनिबारदेखि लामो दुरीमा चल्ने बस समेत सञ्चालन भएसँगै जनजीवन सहज बनेको हो ।

पूर्वको सिराहा, सप्तरी, सुनसरी, विराटनगरलगायत ठाउँमा जाने यातायातका साधन अझै पूर्णरुपमा खुल्न सकेका छैनन् । धनुषाको बस व्यवसायी मन्दिप झाले अन्य दिनको तुलनामा शनिबारदेखि बस सञ्चालनमा सहजता भएको छ। आइतबार थप सहज अवस्था भएको बताउनुभएको छ ।

वीरगन्ज, बर्दिवास र जनकपुर तर्फका बस निर्वाध गुड्न थालेका र ढल्केबरदेखि पूर्वतर्फ पनि

*बाँकी पृष्ठ ३ मा*

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको छ ।

नेपाल आयल निगमले आग र ाति १२ बजेबाट लागू हुनेगरी पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य वृद्धि गरेको हो ।




निगमका अनुसार पेट्रोलमा प्रतिलिटर ३ रूपैयाँ , डिजेल र मट्टितेलमा २ रूपैयाँ र हवाई इन्धनमा प्रतिलिटर २० रूपैयाँका दरले मूल्यवृद्धि भएको हो ।

योसँगै पेट्रोल र डिजेलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा २ सय रुपैयाँ, सुर्खेत र दाङमा १ सय ९९ रुपैयाँ कायम हुने भएको छ । त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगञ्ज, भलवारी, धनगढी र वीरगञ्जमा १ सय ९७ रुपैयाँ ५० पैसा पुगेको छ ।

एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ ।



# बर्दिबासमा भूमिसम्बन्धी काम प्रभावकारी बनाउन सातबुँदे निर्णय

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन १७ गते, बर्दिवास**

बर्दिबास नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रमाणीकरण र नाप-नक्सा सम्बन्धी कार्यलाई तीव्रता दिने निर्णय गरेको छ।

नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीको अध्यक्षता तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष इन्द्रदेव यादवको उपस्थितिमा सम्पन्न बैठकले भूमिसम्बन्धी कामलाई प्रभावकारी बनाउन विभिन्न निर्णय गरेको हो। बैठकमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नापी कार्यालय जलेश्वरका प्रमुख, वडा अध्यक्षहरू तथा सम्बन्धित कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो।

बैठकले साउन १७ गतेभित्र प्रणालीमा प्रविष्ट हुन बाँकी रहेका निवेदन अनलाइन प्रणालीमा प्रविष्ट गर्ने, एकभन्दा बढी निवेदन दिएका व्यक्ति वा परिवारको हकमा एउटा निवेदन मात्र कायम गरी बाँकी निवेदन खारेज गर्ने निर्णय गरेको छ।

त्यसैगरी भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप-नक्साको कार्यमा स्थानीय तह र वडा तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिलाई समेत सहभागिता गराउने निर्णय गरिएको छ।

बैठकले निवेदन दर्ता भइसकेपछि तथ्याङ्क प्रणालीमा प्रविष्ट गरी तत्काल निस्सा उपलब्ध गराउने, वडा कार्यालयले प्राप्त विवरण सार्वजनिक सूचना टाँस गरी दाबी-विरोधका उजुरीको आवश्यक छानबिन गरेर मात्रै अन्तिम प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ।

यस्तै, वडाबाट प्रमाणीकरण भएका विवरणलाई नगर कार्यपालिकाबाट स्वीकृत गराई जिल्ला भूमि समस्या समाधान समितिमा पठाइने, भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणमा वडा कार्यालयले सहजीकरण गर्ने तथा स्थानीय तथा वडा स्तरीय भूमि समस्या सहजीकरण समितिमा सम्बन्धित डिभिजन वा सब-डिभिजन वन कार्यालयका प्रतिनिधिको अनिवार्य सहभागिता सुनिश्चित गरिने निर्णय भएको छ।



बैठकले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सकिने जग्गाको पहिचान गरी नाप-नक्साका लागि जिल्ला कार्य समितिलाई सिफारिस गर्ने तथा अव्यवस्थित बसोबासीको वर्गीकरण र मापदण्डअनुसार दस्तुर निर्धारण गरी जिल्ला समितिमा सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

बैठकका निर्णय कार्यान्वयनसँगै बर्दिबास नगरपालिकाभित्र भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रमाणीकरण र लालपुर्जा वितरण प्रक्रियाले थप गति लिने अपेक्षा गरिएको छ।



रामगोपालपुर नगरपालिका, महोत्तरी






गणेशमान चारनाथ नगरपालिका,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

## सरकार र हिन्दु ...

सर्वोच्च अदालतको निर्णय अनुसार लाउडस्पिकर सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने तथा नागरिकता छानबिन लगायतका विषय उल्लिखित छन्।

सुनसरीको देवानगञ्ज घटनापछि मधेश प्रदेशमा उत्पन्न विवाद समाधानका लागि गृहमन्त्री गुरुङ नेतृत्वको टोली जनकपुरधाम पुगेको थियो।

वार्तामा गृहमन्त्री, मधेश प्रदेशका प्रतिनिधि, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, सुरक्षा निकायका प्रमुखहरू तथा हिन्दू संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## बजार र गाडी संचालन....

विस्तारै अवस्था सहज भइ रहेकाले बस गुडाउन सुरु गर्ने तयारी रहेको झाको भनाइ छ । पूर्वका धेरै ठाउँमा अहिले साना गाडीहरु (हायस र वीङ्गर) ले भने फाट्टफुट्ट यात्रु ओसारपसार गर्दा सहजता भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले शनिबारदेखि महेन्द्र र ाजमार्ग र अन्य भित्री सडकमा सवारीको चाप बढ्न थालेको जनाएको छ। स्थानीय रुटमा चल्ने टेम्पु, म्याजिक, जीप, बस, बोलेरो भने सामान्य अवस्थामै नियमित सञ्चालनमा रहेका छन् ।

सङ्घीय राजधानी काठमाडौँसम्म प्रत्येक सवारी साधन निर्वाध आउजाउ गरिरहेका छन् । महेन्द्रनगर स्थित रात्रि बसका काउन्टर सञ्चालक शम्भु चौधरीले नाइट बस सञ्चालनमा कुनै समस्या नरहेको बताउनुभयो। शनिबारदेखि सदर मुकामतर्फबाट चल्ने बसहरुको समेत टिकट काट्न सुरु गरि एको चौधरीले बताउनुभयो । मधेशका जिल्लाहरुमा आन्दोलन कम हुँदै गएसँगै हरेक सवारी साधन क्रमिक रुपमा सुचारु हुन थालेका छन्।

यातायातसँगै मधेशका बजार हरु पनि साबिकझैँ खुल्न थालिसकेका छन् । जनकपुर धाममा शुक्रबारको प्रदर्शनले बन्द भएका बजार आइतवार देखि खुलेका छन् ।

# बर्दिबासमा अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई जग्गा धनी पूर्जा वितरणको तयारी

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

बर्दिबास नगर क्षेत्रमा लामो समयदेखि प्रमुख चुनौतीका रूपमा रहेको अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधानका लागि बर्दिबास नगरपालिकाले पहिलोपटक सेतो पूर्जा र लालपूर्जा वितरणको प्रक्रियालाई समानान्तर रूपमा अघि बढाउने प्रकृया सुरु गरेको छ।

नगरप्रमुख प्रहलाद क्षेत्रीले नगर भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या स्थायी रूपमा समाधान गर्ने उद्देश्यका साथ दुवै प्रक्रिया एकसाथ अगाडि बढाइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार विशेषगरी कालापानी, गौरीडाँडा, माईस्थान लगायत क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई तत्काल लालपूर्जा दिन सम्भव नभएकाले उहाँहरूको भोगाधिकार सुरक्षित गर्न 'सेतो पुर्जा' वितरण गर्ने अवधारणा अघि सारिएको बतायउनुभयो ।

नगरप्रमुख क्षेत्रीले भन्नुभयो, 'वर्षौंदेखि बसोबास गर्दै आए पनि पूर्जा नहुँदा स्थानीयले असुरक्षा र अन्योलको अवस्था भोग्नु परेको छ। सेतो पूर्जाले जनताको भोगाधिकारको आधार स्थापित गर्नुका साथै राज्यको उपस्थितिको अनुभूति गराउने भएकोले नगरपालिकाले यो समस्या समाधानका लागि युद्धस्तरमा काम अघि बढाएको छ ।'

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणी अधिकारीका अनुसार सेतो पूर्जा वितरणका लागि स्थानीय तहले आवश्यक कानुन तथा कार्यविधि निर्माण गर्नुपर्नेछ। पूर्जा वितरण पछि कित्ताकाट, खरिद-बिक्री तथा अभिलेख व्यवस्थापन मालपोत कार्यालयको प्रणालीसँग जोडिने भएकाले कानुनी र प्राविधिक प्रक्रिया पूरा गर्न केही समय लाग्ने उहाँले बताउनुभयो ।

अधिकारीले भन्नुभयो 'हतारमा काम गर्दा भविष्यमा कानुनी विवाद सिर्जना हुन सक्ने भएकाले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र सेतो पुर्जा वितरण गर्न प्रकृया अघि बढाइएको छ ।'

यससँगै राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन सुकुम्बासी र दलित सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने कार्यलाई पनि प्राथमिकताका साथ अघि बढाइएको उहाँले बताउनुभयो ।

नगरपालिकाका अनुसार पहिलो चरणमा वडा नम्बर ४ का भूमिहीन सुकुम्बासी तथा दलित सुकुम्बासीलाई पूर्जा वितरण गरिनेछ । एकदेखि डेढ महिनाभित्र उक्त वडाका लाभग्राहीलाई पूर्जा उपलब्ध गराउने लक्ष्य राखिएको नगरप्रमुख प्रहलाद क्षेत्रीले बताउनुभयो ।

त्यसपछि विवाद कम भएका वडा १, ३, ५, ६ र ७ लगायतका वडामा क्रमशः प्रक्रिया विस्तार गरिने उहाँको भनाइ छ ।

बर्दीबास नगरपालिकामा करिब एक हजार ५०० जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण दर्ता भएको छ । सीमित जनशक्ति भएपनि सेतो पूर्जासम्बन्धी कानुनी प्रक्रिया र लालपूर्जा वितरणका लागि आवश्यक दर्ता तथा सत्यापनको कामलाई समानान्तर रूपमा सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिनुभयो ।

संचारकर्मीहरुको जिज्ञासामा नगरप्रमुख क्षेत्रीले सेतो पुर्जा र लालपुर्जा वितरणको प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन भएमा वर्षौंदेखि समाधानको प्रतीक्षामा रहेका सयौँ परिवार ले कानुनी रूपमा आफ्नो बसोबासको सुनिश्चितता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।












# सरकार र हिन्दु प्रतिनिधिबिच १९ बुँदे सहमति

**खबर दर्पण समाचारदाता**
**साउन १७ गते, बर्दिवास**



गृहमन्त्री सुदन गुरुङको नेतृत्वमा रहेको सरकारी टोली र हिन्दू सम्राट सेना नेपालबिच आइतबार जनकपुरधाममा भएको वार्तापछि १९ बुँदे समझदारी भएको छ। समझदारीसँगै हिन्दू सम्राट सेना नेपालले जारी आन्दोलन तथा विरोधका सम्पूर्ण कार्यक्रम फिर्ता लिएको घोषणा गरेको छ।

यसअघि शनिबार संयुक्त हिन्दू मोर्चाले सरकारलाई बुझाएको १३ बुँदे मागपत्रमा थप छ बुँदा समावेश गरी १९ बुँदे प्रस्तावमा दुवै पक्षबिच सहमति भएको हो। जनकपुरधामस्थित एक होटलमा करिब डेढ घण्टा चलेको वार्तापछि हिन्दू सम्राट सेना नेपालका उपाध्यक्ष कृष्ण सनातनीले सरकारले आफ्ना मागप्रति सकारात्मक धारणा व्यक्त गरेको र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउने सहमति भएको जानकारी दिनुभयो।

समझदारी अनुसार आन्दोलनका क्रममा पक्राउ परेकाहरूलाई रिहा गर्ने, उनीहरूमाथि मुद्दा नचलाउने तथा आन्दोलनका क्रममा गोली चलाउने सुरक्षाकर्मीको छानबिन गरी दोषी ठहरिए कानुन बमोजिम कारबाही गर्ने विषयमा सहमति भएको छ।

वार्तापछि गृहमन्त्री गुरुङले सरकारले पूर्ववत् १३ बुँदे र थप गरिएका छ बुँदे मागपत्र औपचारिक रूपमा ग्रहण गरेको बताउँदै सहमतिका विषय कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो।

यसअघि बुझाइएको १३ बुँदे मागपत्रमा नेपाललाई हिन्दू राष्ट्र पुनःस्थापना गर्ने विषयमा छलफल चलाउने, धार्मिक स्थलको व्यवस्थापन, सामाजिक सञ्जालमार्फत धार्मिक तथा जातीय द्वेष फैलाउने गतिविधिमाथि कानुनी कारबाही गर्ने, सुनसरीको देवानगञ्ज घटनापछि पक्राउ परेकाहरूको मुद्दा पुनरावलोकन गर्ने, घाइतेहरूको उपचारको व्यवस्था गर्ने, धार्मिक आयोगको पुनरावलोकन तथा नागरिकता छानबिन लगायतका विषय समावेश छन्।

त्यसैगरी, थप गरिएका छ बुँदे मागमा नेपाललाई वैदिक सनातन हिन्दू राष्ट्रका रूपमा पुनःस्थापनाका लागि संसद्मा छलफल गराउने, घुसपैठ नियन्त्रणका लागि उच्चस्तरीय छानबिन गरी सीमा सुरक्षा कडा बनाउने, धार्मिक संस्थाको आर्थिक स्रोतको अनुसन्धान गर्ने,

*बाँकी पृष्ठ ३ मा*

# हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा

**खबर दर्पण समाचारदाता**
**साउन १७ गते, बर्दिवास**

मधेस प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ । यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ ।

यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ । धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् । कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले राससलाई बताउनुभयो । सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६,सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ । निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ ।












खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,